# सन्धिखर्क नगरपालिका

# स्थानीय राजपत्र

## सन्धिखर्क नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ९, संख्या १, मिति २०८२/०१/३१**

**भाग-२**

सन्धिखर्क नगरपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाले बनाएको सन्धिखर्क नगरपालिकाका करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ (पहिलो संशोधन,२०८२) सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सन्धिखर्क नगरपालिका

## सन्धिखर्क नगरपालिकाका करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने सम्बन्धी कार्यविधि, २०८१

**पहिलो संशोधन २०८२/१/३१**

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ३४ को उपधारा २ बमोजिम सन्धिखर्क नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरूको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न वाञ्छनीय भएकाले,
सन्धिखर्क नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित ऐन, २०७४ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "सन्धिखर्क नगरपालिकाका करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले सन्धिखर्क नगरपालिकाका करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने सम्बन्धी कार्यविधि २०८१ सम्झनु पर्दछ।

(ख) "नगर कार्यपालिका" भन्नाले सन्धिखर्क नगर कार्यपालिका सम्झनु पर्दछ।

(ग) "नगरपालिका" भन्नाले सन्धिखर्क नगरपालिकालाई सम्झनु पर्दछ।

(घ) "सभा" भन्नाले सन्धिखर्क नगरसभालाई सम्झनु पर्दछ।

(ङ) "वडा" भन्नाले सन्धिखर्क नगरपालिकाका सबै वडा कार्यालयहरूलाई सम्झनु पर्दछ।

(च) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ।

(छ) "स्वास्थ्य संस्था" भन्नाले सन्धिखर्क नगरपालिका कार्यालय मातहतमा रहेका स्वास्थ्य संस्थाहरूलाई सम्झनु पर्दछ। "

(ज) "प्रमुख" भन्नाले सन्धिखर्क नगरपालिकाका प्रमुख सम्झनु पर्दछ।

(झ) "उपप्रमुख" भन्नाले सन्धिखर्क नगरपालिकाका उपप्रमुख सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ट) "सामाजिक सुरक्षा कोष" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २६ बमोजिमको कोषलाई सम्झनु पर्दछ।

(ठ) *"करारका कर्मचारी" भन्नाले नगरपालिकाको स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत कर्मचारीहरूलाई सम्झनु पर्दछ ।

**३. जिम्मेवारी र उत्तरदायित्वः**

(१) सन्धिखर्क नगरपालिका र अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा रहेका सन्धिखर्क नगर कार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तानी गर्ने करारमा कार्यरत कर्मचारीहरूलाई

* पहिलो संशोधनद्वारा संशोधित

सन्धिखर्क नगरपालिका

योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउँदै लैजानु नगरपालिकाको जिम्मेवारी रहनेछ ।

(२) ♣सन्धिखर्क नगरपालिका र अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा करारमा कार्यररत कर्मचारीहरुलाई वार्षिक रुपमा सामाजिक सुरक्षा कोषमा आवद्ध गराए बापत रोजगारदाताले नगरपालिकाको स्वीकृत दरबन्दी भित्र पर्ने करार सेवामा कार्यरत कर्मचारीहरुको खाइपाइ आकएको तलवको ६० प्रतिशतलाई आधारभुत तलब मानी त्यसको २० प्रतिशतले हुन आउने रकम नगरसभाबाट विनियोजन गर्ने दायित्व नगरपालिकाको हुनेछ।

(३) ∞..................

(४) ♣सन्धिखर्क नगरपालिका, नगरकार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको योगदानको रकम खाइपाइ आएको तलबको ६० प्रतिशतलाइ आधारभूत तलव मानी त्यसको २० प्रतिशत रोजगारदाताको तर्फबाट र ११ प्रतिशत योगदानकर्ताको तर्फबाट गरी खाइपाइ आएको तलबको ६० प्रतिशतको ३१ प्रतिशतले हुन आउने रकम सामाजिक सुरक्षा कोषमा जम्मा गरिदिने व्यवस्था गरिनेछ।

४ (१) ♠कर्मचारीहरुले खाइपाइ आएको पारिश्रमिकको ६० प्रतिशतले हुन आउने तलब रकम रु.१०,८२० भन्दा कम हुन आउने कर्मचारीहरुको हकमा निजहरुले खाइपाइ आएको ६० प्रतिशतको को २० प्रतिशतले हुन आउने रकम रोजगारदाताको तर्फबाट र आधारभूत तलबमा (रु.**१०,८२०**)को ३१ प्रतिशतले हुन आउने रकममा रोजगारदाताको तर्फबाट कट्टि भएको रकम घटाएर बाँकी रकम कर्मचारीको तर्फबाट कट्टी गर्ने व्यवस्था गरिनेछ।

४. **समिति गठनः** (१) करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धमा सहजीकरण गर्न देहाय बमोजिमको समिति गठन गरिनेछः

(१) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
(२) आर्थिक प्रशासन शाखा - सदस्य
(३) कर्मचारी प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(२) ♣उपदफा (१) बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) नगरपालिकाको स्वीकृत दरवन्दीमा रही निरन्तर १ वर्ष वा सो भन्दा बढी अवधि कार्य गरेका करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन सूचीकृत हुने कर्मचारीको सङ्ख्या यकिन गर्ने।

(ख) योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ योगदानमा आधारित सामाजिक सुरक्षा कोष नियमावली, २०७५ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न मितिमा जारी परिपत्रहरू तथा अन्य प्रचलित कानुन बमोजिम

♣पहिलो संशोधन द्वारा संशोधित
∞ पहिलो संशोधनद्वारा झिकिएको
♣ पहिलो संशोधनद्वारा संशोधित
♠ पहिलो संशोधनद्वारा थप
♣ पहिलो संशोधनद्वारा संशोधित

करारका कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने सम्बन्धमा निर्णय गर्ने ।अनलाईन माध्यमबाट नगरपालिकालाई रोजगारदाताको रूपमा र करारका कर्मचारीहरूलाई योगदानकर्ताको रूपमा सूचीकृत गर्न सामाजिक सुरक्षा कोषसँग समन्वय गरी सूचीकरण गर्ने गराउने ।

(ग) करारका कर्मचारीहरूलाई योगदानकर्ताको रूपमा सूचीकृत गर्न अन्य आवश्यक कार्य गर्ने ।

५. **♣थपघट, हेरफेर वा संशोधनः**

(१) कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) ∞ ..........................

(३) साबिकको दफा ३ को उपदफा ४ मा रहेको व्यवस्था बमोजिम २०८१ साल कार्तिक १ गते देखि २०८१ साल चैत्र मसान्तसम्म नगरपालिकाको स्वीकृत दरबन्दीमा रहेका कर्मचारीहरुलाई मात्र साबिकको अनुसूची-२ बमोजिम सामाजिक सुरक्षाकोषमा आवद्ध गरिनेछ ।

(४) २०८२ साल वैशाख देखि दफा ३ को उपदफा (४) मा रहेको संशोधित व्यवस्था बमोजिम कार्यान्वयन गरिनेछ।

(५) कार्यविधिको दफा २ को खण्ड (ठ) र दफा ३ को उपदफा ४ सँग सम्बन्धित अनुसूची-१ र २ झिकिएकोछ ।

६. **बाधा अड्काउ फुकाउः** यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस कार्यविधिको मूल मर्म प्रतिकूल नहुने गरी नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

प्रमाणीकरण मिति: २०८२/०१/३१

आज्ञाले,

(खिमानन्द भुसाल)

प्रमुख प्रशासकीय अधिकृत

♣ पहिलो संशोधन द्वारा संशोधित

∞ पहिलो संशोधनद्वारा झिकिएको